## *मैजुदा सूची (स्टयाण्डीङ्ग लिष्ट) दर्ता गराउने सम्बन्धी सूचना*

(कम्पनीको वेबसाइटमा राखेको मिति २०८२/०३/०९)

यस कम्पनीका लागि आर्थिक वर्ष २०८२/८३ मा आवश्यक पर्ने देहाय वमोजिमका मालसामान खरिद, आपूर्ति तथा मर्मत गर्न र परामर्श सेवा उपलब्ध गराउने सम्बन्धमा त्यस्ता आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदताहरुको मौजुदा सूची (स्टान्डिङ्ग लिष्ट) तयार गर्ने सिलसिलामा इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी, परामर्शदाता एवं निर्माण व्यवसायीहरुवाट कुन कुन समूहमा सूचीकृत हुन चाहेको हो, सो स्पष्ट उल्लेख गरी निवेदनका साथ आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २३ दिन (असार मसान्त) भित्र यस कम्पनीमा सूची दर्ता गराउन हुन यो सूचना जारी गरिएको छ। रीत नपुगेको र आवश्यक कागजात संलग्न नभएको निवेदन उपर कुनै कारवाही गरिने छैन। प्राप्त निवेदनहरु सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहने छ।

### निबेदनसाथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु

क) फर्म/कम्पनी दर्ता वा सम्वन्धित व्यवसाय वा सेवा गर्न प्राप्त इजाजतपत्र (नवीकरण सहित) को प्रमाणित फोटोकपी,

ख) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी,

ग) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी,

घ) आर्थिक वर्ष २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी।

### सूची दर्ता गराईने बिषयहरु

| १. खरिद तथा आपूर्तितर्फ : | ३. बिबिध सेवातर्फ : |
|---|---|
| क) मसलन्द तथा कार्यालय सामानहरु<br>ख) ईलेक्ट्रिकल्स तथा ईलोक्ट्रोनिक्स सामानहरु<br>ग) पिउने पानी<br>घ) छपाई<br>ङ) फर्निचर तथा फर्निसिङ्ग | क) इन्टरनेट/वेबसाइट<br>ख) तालिम तथा सभा सम्मेलन<br>ग) गाडी भाडा<br>घ) सूचना प्रविधि (सफ्टवेयर तथा हार्डवेयर समेत)<br>ङ) श्रव्यदृष्य<br>च) हवाई टिकट (स्वदेश तथा विदेश)<br>छ) हेलिकप्टर चार्टर्ड |
| **२. मर्मततर्फ :** | **४. परामर्श सेवातर्फ :** |
| क) गाडी तथा मोटरसाइकल<br>ख) कम्प्युटर, प्रिन्टर तथा फाटोकपी मेशिन<br>ग) इलेक्ट्रिकल्स तथा इलोक्ट्रोनिक्स उपकरण | विज्ञहरुको परामर्श सेवा (हाईड्रोपावर, सिभिल, जियोटेक, इलेक्ट्रिकल्स, जलविद्युतसंग सम्वन्धित अन्य बिशिष्टिकृत विषयहरु, बित्त विश्लेषण, चार्टर्ड एकाउण्टेन्सी तथा कानूनी परामर्श सेवा)। |

**यस सम्बन्धमा थप जानकारी आवश्यकता भएमा कम्पनीको कार्यालय काठमाण्डौं मल, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न वा कम्पनीको फोन नं: ०१-५३४४९०३ वा ईमेल : info@bkshcl.com.np बाट जानकारी प्राप्त गर्न सकिने छ।**